**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज साँझ राजकीय भ्रमणमा ब्रिटेन पुग्नु हुनेछ। यस भ्रमणको उद्देश्य भारत रब्रिटेनबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्नु हो।

२. भारतले आफ्नो हवाई क्षेत्रमा पाकिस्तानी विमानहरूको आवागमनमा प्रतिबन्ध २३ अगस्टसम्म बढाएको छ।

३. प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कारको लागि नामांकन गर्ने अन्तिम मिति 15 अगस्तसम्म बढ़ाइएको छ।

४. दिल्ली सरकारले ओलम्पिक र प्याराओलम्पिक खेलहरूमा पदक जित्ने खेलाडीहरूको पुरस्कार राशि ३ करोड रुपियाँबाट बढाएर ७ करोड रुपियाँ पुऱ्याउने घोषणा गरेको छ।

५. भारतले इङ्गल्याण्डसितको तीन म्याचको महिला एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृंखला जितेको छ।

**प्रधानमन्त्री-लन्डन**

प्रधानमन्त्री नरेन्द्र मोदी आज साँझ राजकीय भ्रमणमा ब्रिटेन पुग्नु हुनेछ। यस भ्रमणको उद्देश्य भारत रब्रिटेनबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्नु हो। श्री मोदीको यो भ्रमण ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरको निमन्त्रणामा हुँदैछ। यस क्रममा दुवै नेताले क्षेत्रीय र विश्वव्यापी महत्वका मुद्दाहरूमा वार्ता गर्नेछन्। लन्डनमा आकाशवाणी संवाददातासँग कुरा गर्नु हुँदै ब्रिटेनका लागि भारतका उच्चायुक्त विक्रमकुमार दोराइस्वामीले प्रधानमन्त्रीको यो भ्रमण दुवै देशका लागि लाभदायक हुने बताउनु भएको छ। उहाँले यस अवधिमा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर हुने सम्भावना पनि रहेको बताउनु भएको छ जसले दुवै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ।

**बाइट**

**भारतीय हवाई क्षेत्र-पाकिस्तान**

भारतले आफ्नो हवाई क्षेत्रमा पाकिस्तानी विमानहरूको आवागमनमा प्रतिबन्ध २३ अगस्टसम्म बढाएको छ। केन्द्रीय नागरिक उड्डयन राज्यमन्त्री मुरलीधर मोहोलले जानकारी दिनु भयो, भारतीय हवाई क्षेत्रमा पाकिस्तानी विमानहरूको प्रवेशमा प्रतिबन्ध लगाउने वायुसेनाको सूचना आधिकारिक रूपमा २३ अगस्ट २०२५ सम्म बढाइएको छ। उहाँले भन्नु भयो, यो निर्णय रणनीतिक दृष्टिकोण र अवस्थित सुरक्षा प्रोटोकल अनुरूप छ। पाकिस्तानले आफ्नो हवाई क्षेत्रमा भारतीय उडानहरू प्रतिबन्ध लगाउने पहिलेको निर्णयपछि यो कदम चालिएको हो।

**बाइट**

**विदेश मन्त्रालय, ढाका**

विदेश मन्त्रालयले भारतले **बर्न** स्पेशलिस्ट डॉक्टर अनि नर्सहरुको एक दल ढाका हवाई दुर्घटनाका पीड़ितहरुको उपचारको निम्ति चाडै बांग्लादेश पठाउने बताएको छ। यस दलको साथमा आवश्यक चिकित्सा सहायता पनि पठाइनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले ढाकामा भएको हवाई दुर्घटनामा भएको जानमालको हानि प्रति हिज शोक व्यक्त गर्नु हुँदै सहायताको आश्वासन दिनु भएको थियो। डॉक्टर अनि नर्सहरुको यस दलले पिडितहरुको स्थितिको आकलन गर्नेछ अनि आवश्यकता अनुसार भारतमा उपचार अनि

विशेष देखभालको सिफारिश गर्नेछ। विदेश मन्त्रालयले भनेको छ प्रारम्भिक आकलन अनि उपचारको आधारमा अतिरिक्त चिकित्सा दल पठाइने छ ।

**दिल्ली-क्याबिनेट**

युवा सशक्तिकरणलाई प्रवर्द्धन गर्न दिल्ली सरकारले ओलम्पिक र प्याराओलम्पिक खेलहरूमा पदक जित्ने खेलाडीहरूको पुरस्कार राशि ३ करोड रुपियाँबाट बढाएर ७ करोड रुपियाँ पुर्‍याउने घोषणा गरेको छ। मुख्यमन्त्री खेल प्रोत्साहन योजना अन्तर्गत हिजो नयाँ दिल्लीमा मुख्यमन्त्री रेखा गुप्ताको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकमा यो निर्णय गरिएको हो।यस योजना अन्तर्गत स्वर्ण पदक जित्ने खेलाडीलाई सात करोड, रजत पदक जित्ने खेलाडीलाई ५ करोड र कांस्य पदक जित्ने खेलाडीलाई ३ करोड रुपियाँ दिइनेछ। यससँगै, ओलम्पिक स्वर्ण र रजत पदक जित्ने खेलाडीहरू अब ग्रेड ए सरकारी पदका लागि योग्य हुनेछन्। त्यस्तै, एसियाली र पारा एसियाली खेलहरूमा स्वर्ण पदक विजेतालाई ३ करोड, रजत पदक विजेतालाई २ करोड र कांस्य पदक विजेतालाई १ करोड रुपियाँ दिइनेछ।शिक्षामन्त्री आशिष सूदले पत्रकारहरूलाई भनु भयो, दिल्ली मन्त्रिपरिषद्ले सरकारी विद्यालयहरूमा पूर्ण रूपमा सुसज्जित कम्प्युटर प्रयोगशालाहरू स्थापना गरेर डिजिटल पूर्वाधार विस्तार गर्ने प्रमुख पहललाई पनि अनुमोदन गरेको छ। उहाँले भन्नु भयो, भर्खरै शुरु गरिएको मुख्यमन्त्री डिजिटल शिक्षा योजना अन्तर्गत, कक्षा १० को बोर्ड परीक्षामा उच्च अंक प्राप्त गर्ने सरकारी विद्यालयका कक्षा ११ का १,२०० विद्यार्थीहरूलाई नि:शुल्क ल्यापटप दिइनेछ।

**उत्तर प्रदेश मन्त्रिपरिषद्-निर्णयहरू**

मुख्यमन्त्री योगी आदित्यनाथको अध्यक्षतामा लोक भवनमा आयोजित ऐतिहासिक मन्त्रिपरिषदको बैठकमा उत्तर प्रदेश सरकारले महिला सशक्तिकरण, युवाहरूको डिजिटल पहुँच, बुनियादी ढाँचा र शिक्षालाई बढ़ावा दिने उद्देश्यको साथमा धेरै प्रमुख प्रस्तावहरूलाई अनुमोदन गरेको छ। यस सत्रमा जम्मा ३७ प्रस्तावहरू अनुमोदन गरिएको थियो र विधानसभाको मनसुन सत्र आगामी ११ अगस्टदेखि शुरु हुने घोषणा गरिएको थियो। यस सत्रमा लिइएका सबैभन्दा महत्त्वपूर्ण निर्णयहरूमध्ये एक महिला सम्पत्ति खरीददारहरूको लागि स्ट्याम्प शुल्क छुटको विस्तार थियो। पहिले यो छुट १० लाख रुपियाँसम्मको सम्पत्तिमा सीमित थियो, अब यसलाई १ करोड रुपियाँसम्मको सम्पत्तिमा विस्तार गरिएको छ, जसले स्ट्याम्प शुल्क १ प्रतिशतले घटाउनेछ। यसले महिलाहरूको नाममा प्रत्येक सम्पत्ति दर्तामा १ लाख रुपियाँसम्म बचत गर्न सक्छ। राज्यका श्रममन्त्री अनिल राजभरले भन्नु भयो, यो कदम मध्यमवर्गका महिलाहरूलाई लक्षित गर्दछ, जसले उनीहरूलाई सम्पत्तिको मालिक बन्न मद्दत गर्नेछ, उनीहरूको आत्मविश्वास, आर्थिक स्वतन्त्रता र सामाजिक सम्मान बढ्नेछ।

**जम्मू कश्मीर- मौसम**

जम्मू कश्मीर मौसम विभागले आज जम्मू डिभिजनका विभिन्न स्थानहरूमा भारीदेखि अति भारी वर्षाको चेतावनी जारी गरेको छ। मौसम विभागले धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा, मेघगर्जन र हावाहुरीका साथै जम्मू डिभिजनका विभिन्न स्थानहरूमा तीव्र वर्षा र भारीदेखि अति भारी वर्षा हुने बताएको छ। एक सुझावमा, मौसम विभागले केही जोखिमपूर्ण स्थानहरूमा अचानक बाढीको सम्भावना, पैह्रो, ढुङ्गाहरू खस्ने, पानीको सतहमा वृद्धि र केही तल्लो क्षेत्रहरूमा पानी जम्ने सम्भावनाको बारेमा चेतावनी दिएको छ। मानिसहरूलाई नदी तथा खोला नजिक नजान र कुनै पनि आपतकालीन अवस्थामा ११२ मा फोन गर्न सल्लाह दिइएको छ। किसानहरूलाई आजदेखि २४ जुलाईसम्म कृषि कार्य स्थगित गर्न सल्लाह दिइएको छ।

बाइट

**भारतीय मजदूर संघ - 70 वर्ष**

भारतीय मजदूर संघ-बीएमएसले आज आफ्नो स्थापनाको 70 वर्ष पुरा गरिरहेको छ। आकाशवाणी समाचारसितको विशेष कुराकानीमा संघका अध्यक्ष हिरण्मय पंड्याले भन्नुभयो 70 वर्षमा संगठनले श्रम अधिकारदेखि अघि बढेर व्यापक सामाजिक सरोकारहरुको समाधान गर्न आफ्नो क्षेत्र बढ़ाएको छ। उहाँले यस संगठनसित 6 हजार पपाँच सयभन्दा अधिक श्रमिक संघ पंजीकृत रहेको पनि बताउनु भयो ।

**बाल पुरस्कार**

प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कारको लागि नामांकन गर्ने अन्तिम मिति 15 अगस्तसम्म बढ़ाइएको छ। राष्ट्रीय पुरस्कार पोर्टलमा आवेदनप्राप्त गर्ने प्रक्रिया पहिलो अप्रेलबाट शुरू भएको हो। यो पुरस्कार वीरता, समाज सेवा, पर्यावरण, खेल, कला अनि संस्कृति तथा विज्ञान र प्रौद्योगिकीको क्षेत्रमा राष्ट्रीय स्तरमा पहिचान प्राप्त गर्ने बाल बालिकाहरुलाई प्रदान गरिन्छ। पाँच वर्षभन्दा बडी अनि 18 वर्षभन्दा कम आयु भएका बाल बालिकाहरुले यस पुरस्कारको निम्ति आवेदन गर्न सक्ने छन्।

**महिला क्रिकेट**

भारतले तीन म्याचको महिला एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृंखला जितेको छ। चेस्टर-ले-स्ट्रिटमा खेलिएको अन्तिम म्याचमा इङ्गल्याण्डलाई १३ रनले हराउँदै भारतले शृंखला २-१ ले जितेको छ। भारतीय टोलीले टस जितेर पहिले ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा ५ विकेट गुमाएर ३१८ रनको विशाल स्कोर बनाएको थियो। इङ्गल्याण्डले ३१९ रनको चुनौतीपूर्ण लक्ष्यलाई खेदो गर्दै ४९ ओभर र ५ बलमा ३०५ रन मात्र बनाउन सक्यो।भारतकी कप्तान हरमनप्रीतले ८४ बलमा १०२ रनको शानदार इनिङ खेलिन् र क्रान्ति गौरले छ विकेट लिइन्। शृंखलामा उत्कृष्ट प्रदर्शनका लागि हरमनप्रीतलाई प्लेयर अफ द म्याच र सिरिज अफ द म्याच घोषित गरियो।

****** ० ******